# तीन घुम्ती उपन्यासमा मनोविज्ञान

*कल्पना लुइटेल, पिएच.डी* [*]

***Article History:*** *Received 10 Nov. 2021; Reviewed 23 Dec. 2021; Revised 14 Jan. 2022; Accepted 9 May 2022.*

## लेखसार

*सिग्मन्ड फ्रायडद्वारा प्रतिपादित मनोवैज्ञानिक धाराका आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाको पहिलो उपन्यास 'तीन घुम्ती'की केन्द्रीय पात्र इन्द्रमायाले पीताम्बरलाई पतिका रूपमा पाउनका लागि जन्मघर छोड्ने निर्णय गर्नु पहिलो घुम्ती हो । उसले शारीरिक सन्तुष्टि र सन्तानका लागि रमेशसँग सहबास गर्ने निर्णय गर्नु दोस्रो घुम्ती हो भने पति पीताम्बरले रमेशबाट जन्मिएकी छोरी वा लोग्ने रोज्न भनेपछि छोरी रोजेर सदाका लागि पीताम्बरको घर परित्याग गरी जाने निर्णय गर्नु तेस्रो घुम्ती हो । प्रस्तुत उपन्यासमा यौनमनोविज्ञानका माध्यमबाट मातृत्व मनोविज्ञानको पहिचान गर्नु यसको उद्देश्य हो । एउटी नारी प्रेम प्राप्तिका लागि आमा, बुबा, घर, परिवार, समाज र सम्पत्ती सबै छाड्न सक्छे भन्ने कुरा उपन्यासको पूर्वार्द्धमा प्रस्तुत भएको छ भने उत्तरार्द्धमा पुग्दा नारीमा मातृवात्सल्य भाव सशक्त रूपमा रहेको हुन्छ र उसले लोग्ने र सन्तानमा एक रोज्नु पऱ्यो भने सन्तान रोज्छे भन्ने दृष्टान्त यहाँ पुष्टि गरिएको छ । विवेच्य पक्षको पहिचान गर्न पुस्तकालयीय विधि प्रयोग गरिएको छ । प्रस्तुत उपन्यासमा मनोविज्ञानका उपकरण प्रशस्त प्रयोग भएर पनि नारी अस्मिता र स्वास्नी मानिसको वास्तविक अस्तित्वको समस्या प्रस्तुत भएको छ । यस उपन्यासमा नारी अबला मात्र छैनन् । आफ्ना बारेमा आफैँ एकल निर्णय गर्नसक्ने र जस्तोसुकै परिस्थिति आए पनि त्यसलाई स्वीकार गरी अगाडि बढन् सक्ने सबला पनि छन् भन्ने अस्तित्ववादी विचार प्रकट भएको छ । अस्तित्ववादी नारीमनोविज्ञानमा रचना भएको उपन्यासमा नारीमा विद्यमान मातृत्वको भाव उजागर भएको तथ्य पहिल्याउनु नै यस लेखको अभीष्ट हो ।*

*शब्दकुञ्जी : मनको गयात्मक पक्ष, मनको आकारात्मक पक्ष, मनोलैङ्गिक विकास, अन्तर्द्वन्द्व, मातृरति, आत्मरति ।*

## विषय परिचय

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१ - २०३९) नेपाली राजनीति क्षेत्रका सशक्त र शिखर व्यक्तित्व हुन् भने साहित्यअर्न्तगत आख्यान क्षेत्रका सशक्त हस्ती हुन् । उनले नेपाली आख्यान साहित्यको कथा विधामा मनोविज्ञानको सूत्रपात गरेका छन् भने उपन्यास विधामा मनोविज्ञानको प्रयोगमा नेतृत्व गरेका छन् । उनका **दोषी चस्मा** (२००६), **श्वेतभैरवी** (२०३९) कथा सङ्ग्रह र **तीन घुम्ती**, (२०२५), **नरेन्द्र दाइ** (२०२७), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०३६), **हिटलर र यहुदी** (२०४०) र **बाबु आमा र छोरा** (२०४५) गरी छओटा उपन्यास कृति प्रकाशित भएका छन् (ज्ञवाली, २०६१, पृ.६- ७) । यस अध्ययनमा **तीन घुम्ती** उपन्यासको मनोविज्ञानका दृष्टिले अध्ययन गरिएको छ ।

सिग्मन्ड फ्रायड (सन् १८५६-९३९) द्वारा प्रतिपादित मनोविज्ञानको सिद्धान्तले आधुनिक साहित्यका विविध क्षेत्रमा प्रभाव पारेको छ । सिग्मन्ड फ्रायडले बिरामीको उपचार गर्ने सन्दर्भमा बिरामीलाई स्वतन्त्र साहचार्य विधिबाट उपचार गर्दै मनोविश्लेषण सिद्धान्तको प्रतिपादन गरेको उल्लेख छ (कोलम्यान तथा ब्रोएन, सन्

[*] सहप्राध्यापक, नेपाली विभाग, सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।

१९७२, पृ. ५२) । फ्रायडले व्यक्तिको मानव व्यवहारमा अचेतनको प्रेरणा, मूल प्रवृत्ति, व्यक्तित्वको विकास, यौनवृत्ति, यौन दमन र त्यसको प्रभाव, गल्तीको मनोविज्ञान, स्वप्न सिद्धान्त आदिको वैज्ञानिक आधारमा विश्लेषण गरेका छन् । उनले मनोविश्लेषणात्मक सिद्धान्तका आधारमा मान्छे मूलतः अचेतन प्रेरणाले परिचालित हुने र यस्तो परिचालन अनैतिक र पाशविक हुने धारणा प्रस्तुत गरेका छन् (घर्ती, २०६७, पृ.१-४) । यौनको सिद्धान्तलाई मनोविश्लेषणात्मक अधिरचनाको आधारशिला मानिएको छ । यौन सिद्धान्तका आधारमा फ्रायडले आत्मरति, मातृरति ग्रन्थि तथा व्यक्तित्व निर्माण हुने उल्लेख गरेका छन् (बराल, सन् १९९५, पृ.४) । मनोविश्लेषणात्मक सिद्धान्तअर्न्तगत फ्रायडले निम्न प्रवृत्ति रहने बताएका छन्: मूल प्रवृत्तिको सिद्धान्त, मनको गयात्मक पक्ष, मनको आकारात्मक पक्ष, मनोनियतिवाद, मनोलैङ्गिक विकासको सिद्धान्त, मानसिक अन्तर्द्वन्द्वको सिद्धान्त, मनोरचनाको सिद्धान्त, स्वप्नसिद्धान्त, दैनिक जीवनका गल्तीहरूको सिद्धान्त आदि छन् भने यडलर र युङले उच्चता ग्रन्थि, हीनताग्रन्थि, क्षतिपूर्ति सिद्धान्त आदिको चर्चा गरेका छन् । यस लेखमा यिनै सिद्धान्तमा आधारित रहेर प्रस्तुत उपन्यासको अध्ययन गरिने छ ।

## अध्ययनको समस्या

नेपाली आख्यान साहित्यका मनोवैज्ञानिक धाराका सशक्त हस्ती विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' (२०२५) उपन्यासमा के कस्तो मनोविज्ञानको प्रयोग भएको छ ? साथै यस उपन्यासमा प्रयुक्त पात्रहरूको मनोविज्ञान के कस्तो रहेको छ ? भन्ने समस्यामा यो अध्ययन केन्द्रित गरिने छ ।

## अध्ययनको उद्देश्य

नेपाली आख्यानका मनोवैज्ञानिक धाराको सूत्रपात गराउने तथा मनोविज्ञानलाई साहित्यमा स्थापित गराउने साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको पहिलो उपन्यास 'तीन घुम्ती'मा प्रयोग भएको मनोविज्ञानको निर्क्योल गर्नु यस अध्ययनको मूल उद्देश्य रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनमा विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' उपन्यासलाई आधार सामग्री बनाइएको छ । उक्त शीर्षकसँग सम्बन्धित लेख, पुस्तक प्राप्त सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत सामग्री मूलतः पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ ।

सैद्धान्तिक आधार : सिग्मण्ड फ्रायडबाट प्रतिपादित तथा अल्फ्रेड एडलर र कार्ल गुस्ताभ युङबाट विकसित मनोविज्ञानमा आधारित रहेर यो अध्ययन गरिएको छ । यसका लागि मूल प्रवृत्तिको सिद्धान्त, मनको गयात्मक पक्ष, मनको आकारात्मक पक्ष, मनोनियतिवाद, मानसिक अन्तर्द्वन्द्वको सिद्धान्त, क्षतिपूर्ति सिद्धान्त, चेतन, अचेतन, अवचेतन सिद्धान्त आदिका आधारमा अध्ययन गरिने छ ।

## मूल प्रवृत्तिको सिद्धान्त

मनमा इच्छा जाग्ने र त्यसको प्राप्तिका लागि निरन्तर सक्रिय रहने प्रक्रियालाई फ्रायडले मूल प्रवृत्ति भनेका छन् । "मूल प्रवृत्ति परम्परागत वा जन्मजात मनोशारीरिक प्रवृत्ति हो, जसले प्राणीलाई कुनै विशेष वस्तु हेर्न, त्यसप्रति ध्यान दिन, त्यसलाई हेरेर एक विशेष प्रकारको संवेगात्मक उत्तेजनाको अनुभव गर्न र त्यससँग सम्बन्धित एक विशेष ढङ्गले कार्य गर्न बाध्य गर्दछ" (भण्डारी, २०५६, पृ.१८) । फ्रायडले

मनोविश्लेषणको आधारका रूपमा मूल प्रवृत्तिलाई लिएका छन् । उनले प्रेमलाई जीवन मूल प्रवृत्ति भनेका छन् । फ्रायडका विचारमा मान्छेमा प्रेम, सम्बन्ध, आकर्षण, घृणा, अनुराग, प्रजनन तथा रचनात्मक कार्य गर्ने चाहना हुनु जीवन मूल प्रवृत्तिका कारण हो (भण्डारी, २०५६, पृ. २२) । उनी आत्मरक्षा र यौन चाहनाको कामना जीवन मूल प्रवृत्तिका कारण हुने उल्लेख गर्दछन् । उनले मृत्यु मूल प्रवृत्तिको पनि उल्लेख गरेका छन् । हानी नोक्सानी पुऱ्याउने, मार्ने, आत्महत्या गर्ने, घृणा गर्ने स्वपीडन र परपीडन प्रवृत्ति पाइने मृत्यु मूल प्रवृत्ति हो भन्ने बताएका छन् ।

प्रस्तुत 'तीन घुम्ती' उपन्यासकी केन्द्रीय पात्र इन्द्रमायाले "४५ वर्षको उमेर पुगेपछि उसले १६ वर्ष, २५ वर्ष, २७ वर्षका उमेरमा तीन विकट निर्णयहरू गरी जुन तीन घुम्ती हुन् तिनका जीवनका" (राई, २०५०, पृ.२६७) । घरमा आफ्नो बिहेको कुरा चलेपछि आमासँग अनायास "पीताम्बर छँदै छ नि, म पीताम्बरबाहेक अरू कसैसित सुखी हुन सक्तिनँ" भन्न पुग्छे (पृ.४) । यस भनाइमा ऊ आफूले थाहा नै नपाई पीताम्बरसँग प्रेम बसेको महसुस गर्छे । यहाँ उसले पीताम्बरलाई अचेतनस्तरमै प्रेम गरेको देखिन्छ । पीताम्बर पर्वते ब्राह्मण जातीको केटो हो भने इन्द्रमाया काठमाडौँ उपत्यकाकी नेवार समुदायकी छोरी हो । "आमाले अर्थ बुझेर भनिन्, 'इन्द्रमाया ! यो कसरी हुन्छ ? ऊ पर्वते बाहुन, हामी नेवार वैश्य' (पृ.३) । उसलाई हठात अनुभव भयो कि उत्रिन नसक्ने गरी ऊ पीताम्बरको प्रेममा डुबिसकेकी रहिछ" (कोइराला, २०६८, पृ.३) । पीताम्बर तत्कालीन पञ्चायती व्यवस्था परिवर्तन गर्न भित्रभित्रै सङ्गठन गर्दै हिडेको राजनैतिक कार्यकर्ता हो भने इन्द्रमाया राजपरिवारसँग निकट सम्बन्ध रहेको परिवारकी छोरी हो । तसर्थ यी दुई पात्रका बिचमा सामाजिक, आर्थिक, जातीय कारण विवाह गर्न परिवारले अस्वीकार गरेपछि ऊ अन्तर्द्वन्द्वमा फसेकी छ । ऊ 'हँ या न' को अवस्थामा पुग्छे । उसलाई परिवारले पीताम्बरसँग भेट्न नदिई कोठामा थुनेर राखेपछि झन् अन्तर्द्वन्द्वको चपेटामा परेकी छ । ऊ आफ्नो एकल निर्णयमा भागेर पीताम्बरका घरमा गएपछि उसमा तत्कालीन अन्तर्द्वन्द्व समाप्त हुन्छ । पीताम्बरले पनि इन्द्रमायासँग प्रेम रहेको तर भन्न नसकेको अवस्था यहाँ इन्द्रमायाले घर छोडेर आउँदा ऊ खुसी भएको भावबाट व्यक्त भएको छ । इन्द्रमायाले प्रेमी प्राप्तिका लागि आमाबाबुको इच्छाविरुद्ध पीताम्बरकहाँ जानु उसको जीवनको पहिलो घुम्ती हो । यस निर्णयमा नारी हठ देखिएको छ । नारी आफूले चाहेको चिज प्राप्त गर्न जस्तोसुकै कदम उठाउनु परे पनि पछि पर्दैनन् भन्ने भाव पुष्टि गरिएको छ । पीताम्बर राजनैतिक कार्यकर्ता हो साथै उसँग धेरै सम्पत्ती छैन् भन्ने इन्द्रमायालाई ज्ञान छ तापनि ऊ पीताम्बरलाई वरण गर्न पुगेकी छ । त्यसैले यो साहसी, हठी, निर्भिक र विद्रोही सङ्घर्षशील पात्र हो भन्न सकिन्छ । यद्यपि तत्कालीन सामाजिक परिस्थितिमा इन्द्रमायाले गरेको यो निर्णय प्रगतिवादी चेतना हो भन्न सकिन्छ ।

पीताम्बरले श्रीमती इन्द्रमायालाईभन्दा राजनीतिलाई बढी महत्त्व दिएपछि ऊ नजानिँदो ढङ्गले रमेशसँग आकर्षित हुन पुगेकी छ । रमेश पनि इन्द्रमायासँग यौनभोग गर्ने कलुषित मननसायबाट घरमा श्रीमती हुँदाहुँदै लहसिन पुगेको छ । पीताम्बरको व्यवहारमा पाइने शुष्कता, हडबडी र कामशैथिल्यले पनि इन्द्रमाया रमेशप्रति आकर्षित हुन पुगेको तथ्य निम्न भनाइबाट पुष्टि हुन्छ : "इन्द्रमायाले मृदु स्वरमा भनी, सन्तान भनेको पति-पत्नीको सम्मिलित सहयोगको सुन्दर रचना हो । खोइ यता त्यो सहयोग ? पीताम्बरले कोल्टे फर्केर भन्यो, आज म असाध्य थाकेको छु" (कोइराला, २०६८, पृ.२०) । यस भनाइमा इन्द्रमायाको सन्तान प्राप्तिको इच्छा र पीताम्बरको बेवास्ताको व्यवहार स्पष्ट हुन्छ ।

पीताम्बर जेल परेपछि इन्द्रमायाले रमेशको व्यवहार र आग्रहबाट सहबास गर्ने निर्णय लिनु इन्द्रमायाको जीवनको दोस्रो घुम्ती हो । अरूसँग बिहेको कुरा चल्दा पीताम्बरबाहेक कसैसित सुखी हुन सक्दिन भन्ने इन्द्रमाया सुखप्राप्तिका लागि पीताम्बरसँग सहबासमा जानु सुखको नियमद्वारा परिचालित छ । पीताम्बर जेल परेपछि रमेशसँग सहबास गर्नु उसमा सुखप्राप्तिको चाहना नै हो । यहाँ इन्द्रमायाको चरित्र अन्य नेपाली महिलाकोभन्दा भिन्न प्रकृतिको छ । उसले नैतिक, अनैतिक केही पनि ख्याल गरेकी छैन् । ऊ

एकातिर लोग्नेलाई मिठामिठा खाने कुरा बनाएर पठाउँछे भने अर्कातिर रमेशलाई सहबासको साथी बनाउछे । हुनतः ऊ लोग्नेकै बेवास्ताका कारण पहिलेदेखि नै रमेशलाई मन पराउन थालेकी थिई । उसले पीताम्बरबाट प्राप्त गर्न नसकेको सन्तुष्टिको क्षतिपूर्ति रमेशबाट प्राप्त गर्न खोजेको निम्न भनाइबाट पुष्टि हुन्छ : "ढोका घऱ्याक उघ्रियो र रमेश अकस्मात् कोठाभित्र पस्यो । म एकदम छक्क परेँ र एक्कासि फर्केको भाग्यको अनुभव गर्नुभन्दा पहिले नै खाँदाखाँदै म कराएँ, यो को ? रमेश ? को ? रमेश ? रमेश ? कहाँबाट उदायो यो देवता ?" (पृ.३१) । यस भनाइमा इन्द्रमाया रमेशलाई पहिलेदेखि नै प्रेम गर्न थालेको बुझिन्छ र रमेश आउँदा ऊ खुसी भएको देखिन्छ । रमेशको आगमनपश्चात् उसमा जीवन मूल प्रवृत्तिअनुरूप र रमेशको सल्लाहबमोजिम उसमा सरसफाई र सिँगारपटारमा रुचि बढेको छ । ऊ शारीरिक सम्बन्ध रमेशसँग राख्छे तर पीताम्बरलाई आत्मिक प्रेम गर्छे । नेपाली समाजले अनैतिक मानेको परपुरुषसँगको सम्बन्धलाई इन्द्रमाया नैतिक भएको तर्क गर्ने प्रगतिशील र व्यक्ति पात्रका रूपमा प्रस्तुत भएकी छ । "पुरुषप्रधान हाम्रो समाजमा सम्पूर्ण नारीहरूको इज्जत, शील, स्वभाव तथा लक्षणहरूलाई उसको यौनचारसित मात्र तुलना गरेर हेर्नु एकदमै अव्यावहारिक हो भन्ने कुरा इन्द्रमायाले स्पष्टसँग भनेकाले 'तीन घुम्ती' उपन्यास रूढिग्रस्त परम्पराको विद्रोहको रूपमा संरचित भएको" ढकालको मत उपयुक्त देखिन्छ (ढकाल, २०५८, पृ.१३९) ।

## मनको गयात्मक अवस्था

काम्यपुरुषको आगमनले इन्द्रमायामा जाँगर र स्फूर्ति बढन पुगेको छ । व्यक्ति निरन्तर सक्रिय रहने अर्थात् उसको मन सक्रिय रहने परिस्थितिलाई फ्रायडले मनको गयात्मक अवस्था भनेका छन् । उनका विचारमा गयात्मक पक्ष मूल प्रवृत्तिहरूद्वारा उत्पन्न सङ्घर्षको समाधान गर्ने माध्यम हो (ब्राउन, सन् १९४०, पृ.१६५) । उनले इदम, अहम र पराहम गरी तीन घटकलाई मनको गयात्मक पक्ष भनेका छन् । फ्रायडले इदमलाई बढी महत्त्व दिएको पाइन्छ । फ्रायडका विचारमा इदम मानस शक्तिको मूल स्रोत तथा मूल प्रवृत्तिहरूको भण्डार हो । कामशक्तिलाई फ्रायडले जोड दिएका छन् । इदमले सधैं सन्तुष्टिको खोजी गर्ने र कष्ट तथा तनाव सहन नसक्ने फ्रायडको मत रहेको छ । इदम आदिम प्रकृतिको अनैतिक, उच्छृङ्खल किसिमको हुन्छ । समय र परिस्थितिको ख्याल नै नगरी सुख खोज्ने इदमले बाल्यवस्थादेखि नै निजी सुखको अनुभूति गर्दै आएको हुन्छ (पौडेल, २०६३, पृ.५१) । 'अहम' लाई, चेतन मन वा बुद्धिका अर्थमा फ्रायडले प्रस्तुत गरेका छन् । सिग्मन्ड फ्रायड बच्चामा अहम नपाइने तथा ऊ समाजमा घुलमिल हुँदै गएपछि उसमा अहम विकास हुँदै जाने बताउँछन् । परस्पर विरोधी इदम र पराहम दुवैको सहयोगी अर्थात् नोकरका रूपमा अहम् रहने हुँदा नैतिक र अनैतिकको ख्याल नगर्ने गौतमले उल्लेख गरेका छन् (गौतम, २०५०, पृ. ९२) । अहम् कमजोर भएमा व्यक्ति मानसिक रोगी हुन्छ । अहम् मजबुत रहेमा व्यक्ति मानसिक रूपमा स्वस्थ रहन्छ । 'पराहम' अङ्ग्रेजी सुपर इगोको नेपाली पर्यायवाची शब्द हो ।

नेपाली समाजमा परपुरुषलाई सोच्नु पनि अनैतिक र पाप मानिन्छ । यस उपन्यासकी इन्द्रमायाले आफ्नो पति पीताम्बरबाट यौनसन्तुष्टि प्राप्त गर्न नसकेपछि ऊ भित्रभित्रै रमेशलाई मन पराउन पुगेकी छ र पीताम्बर जेल परेपछि रमेशसँग सहबास गर्नुले यहाँ उसको इदमले काम गरेको देखिन्छ । पीताम्बर जेल जानु अघि उसको इदमले रमेशबाट यौनसन्तुष्टि लिन तीव्र रूपमा खोजे पनि उसलाई पराहमले दिएको थिएन । पीताम्बर जेल परेपछि र रमेशले आग्रह गर्दा उसको पराहम कमजोर भई रमेशसँग यौनसन्तुष्टि लिन पुगेकी छ । मनको गयात्मक पक्षको सिद्धान्तअर्न्तगत फ्रायड प्रत्येक व्यक्तिमा परस्पर विरोधी प्रवृत्ति रहने हुनाले सङ्घर्षको स्थिति रहन्छ भन्ने मान्यता प्रस्तुत गर्दछन् । यहाँ इन्द्रमाया पीताम्बरलाई पाउन घर, परिवार, समाज, सुख र सुविधा सबै छोडेर आएकी छ । यस्तै रमेशसँग सहबास गर्न पनि उसले सुरुमा पराहमका कारण नमानेजस्तो गरी इदमका कारण रमेशलाई अपनाएकी छ । शारीरिक रूपमा सन्तुष्टि

प्राप्त गरे पनि उसको पराहमले यसलाई पाप ठानिरहेको छ । ऊ पीताम्बरलाई प्रेम गरिरहेकी छ । रमेशसँगको सहवासलाई पापबोध ठान्दै पाप पखाल्न बाग्मती नुहाउन जानु र पापमोचनका लागि पशुपति दर्शनमा जानुले उसमा इदम र पराहमका बिचमा अन्तर्द्वन्द्व चलिरहेको भाव यसरी प्रकट भएको छः "शरीर र मनले आनन्दको स्वाद पाएको अनुभव हुँदाहुँदै पनि एउटा हलुको विषादको चिसो निश्वास उसको कण्ठबाट निस्क्यो पीताम्बर मेरो; म तिमीलाई माया गरि नै रहेकी छु, गरि नै रहेकी छु । त्यसपछि धोती बोकेर ऊ बाग्मती नुहाउन हिँडी । उसलाई त्यस दिन पशुपतिको दर्शनको पनि कामना भयो" (पृ.४४ (४५) । यसरी पशुपतिको दर्शनको कामनामा सङ्घर्षको अनुकूल समाधान अर्थात् प्रायश्चित्को भावना निहित देखिन्छ । उसमा रमेशसँगको सहबासमा आन्दानुभूति भएर पनि पापमोचनका लागि पशुपति जानुले उसमा अन्तर्द्वन्द्व चलिरहेको यसरी पुष्टि हुन्छ :

> सुख ! रमेशसँगको निर्बाध रमाइलो सहबासमा मैले सुख पाइनँ भनेर म कसरी भनूँ ? रमेशले मलाई प्रेमको उच्च सिंहासनमा राज गर्न राखिदिएको थियो । ऊ आफू भने अकिञ्चन याचक प्रेमी । मेरो प्रेमको उदारताले ऊ जे जति पाउँथ्यो त्यसको बदलामा आफ्नो कृतज्ञ प्रेमले ऊ मलाई मनग्य पुग्ने गरी तिर्थ्यो । यस्तो लाग्थ्यो मानौ मलाई नयाँ नयाँ गरेर जितिरहेको छ । मेरा सानातिना इच्छालाई मेरा सानातिना आवश्यकतालाई थाहा पाएर पूरा गर्न पाउँदा उसलाई आफ्नो जीवन सार्थक हुँदै छ भनेझैं लाग्थ्यो । यस्तै किसिमको सम्बन्ध थियो मेरो पीताम्बरका प्रति पनि । उसलाई प्रेमको सर्वोच्च आसनमा स्थापित गरेर म अकिञ्चन याचिका थिएँ, त्यहाँ । त्यहाँ थियो मेरो प्रेमको समर्पणको अनुभव तर यहाँ निरन्तर मेराउपर समर्पित भइरहेको अनुभव थियो ।...प्रेमिका त्यहाँ भक्तिनी थिई भने यहाँ देवी भएकी छ । देवीको आसन सन्तोषमय आनन्द दिँदैन्थ्यो कसरी भन्ने ? (पृ.४६) ।

समालोचक कृष्णचन्द्रसिंह प्रधान इन्द्रमायामा अहम् भावना सुरुदेखि नै रहेका कारण उसले लोग्ने त्यागेर छोरी रमालाई लिएर घर छोडेको उल्लेख यसरी गर्दछन् :

> यदि इन्द्रमायामा अहम् नहुँदो हो ता के ऊ लोग्नेको घृणावृत्तिबाट मात्र यो तेस्रो निर्णय लिन सक्थी ? सुरुदेखि नै उसमा अहम् वृत्ति बलवती थियो । जबजब यस वृत्तिको स्वाभिमानमाथि अवरोध खडा हुन्छ, तबतब आफ्ना मूल्यवान् अस्तित्वको संरक्षणका लागि कठोर निर्णय लिन समर्थ हुन्छे । पाप होस् वा कर्तव्यपालन —स्वकृतिको पक्षमा निर्दोषताको पुष्टि र यसको अनुसरण उसको अहम् सुहाउँदो चारित्रिक दृढता हो । ...इन्द्रमाया अहम् र काम-वृत्तिका दुई पुञ्जभित्र आलोकित विकसित र प्रत्याहारित नारीको रूपमा हाम्रोसामु सृष्ट हुन्छे (प्रधान, २०५२, पृ.३६७) ।

इन्द्रमायाको चरित्रोद्घाटनमा मनोविश्लेषणका केही आधार लिइए पनि ऊ अचेतनाको प्रेरणालेभन्दा बढी चेतनको विवेकद्वारा निर्देशित देखिन्छ (घर्ती, २०६७, पृ.१३२) भन्ने भनाइ उपयुक्त छ ।

## मनको आकारात्मक पक्ष

फ्रायडले मनको आकारात्मक पक्षलाई चेतन, अवचेतन र अचेतन गरी तीन खण्डमा विभाजन गरेका छन् (ब्राउन, सन् १९४०, पृ. १६५) चेतन मन तात्कालीन ज्ञानसँग र अहम्सँग सम्बन्धित हुन्छ (ब्राउन, सन् १९४०, पृ.१६६) । इन्द्रमायाले आफूले अनैतिक कार्य नगरेको र आफू बेश्या नभएको तथ्य पीताम्बरसँग पुष्टि गरेबाट उसको चेतन मनले रमेशसँगको सम्बन्धलाई उचित ठानेकी छ । ऊ सन्तानको चाहना राख्ने नारी भएको कुरा उसले सुरुमा पीताम्बरसँग पनि प्रकट गरेकी छ भने पछि लोग्ने र छोरी मध्ये उसले छोरी रोजेर पुष्टि गरेकी छ । इन्द्रमायामा सन्तान प्राप्तिको भावना रहेको र पीताम्बरले "घरमा

केटाकेटी भएनन् भनेर मलाई के सुनाएको ? तिमीमा पो कहीँ बिगार छ कि बन्ध्या ..." (पृ. २०) भन्दा उसमा चोट पुगेको देखिन्छ । एउटी नारी पूर्ण हुन आमा हुनुपर्ने मान्यता रहेको छ । यहाँ इन्द्रमायालाई नारी अहम्ले पतिभन्दा पनि सन्तान रोज्न लगाएको छ । इन्द्रमायाले आमाबाबु र समाजभन्दा प्रेमी रोज्नु र लोग्नेभन्दा छोरी रोज्नु नारी मनोविज्ञान हो । पुरुषप्रधान समाजमा पुरुषले महिलालाई आफ्नो एकाधिकारको वस्तु ठान्नु, हरेक कमजोरी महिलाकै हुन्छन् भन्ने मान्यता राख्नु र महिलाको अस्तित्व नस्वीकार्नु स्वभाविक देखिन्छ । सानैदेखि स्वतन्त्र अस्तित्वको पक्षपाती इन्द्रमायाले पीताम्बरसँग प्रतिवाद गर्नु उसको अस्तित्ववादी चिन्तन हो । यी दुईका बिचमा भनाभन हुनुले अचेतन मनमा रहेको नारीप्रति गरिने शङ्कालु भावना र पुरुषको नारीलाई हेर्ने दृष्टिकोणको कारण हो भन्न सकिन्छ : "इन्द्राको गोडा आजकल भुँइमा छैन । दिदीबहिनी, भाउज्यू आदि पुरुषकण्ठे सम्बोधनले उसलाई पखेटा हालिदिएको छ । ...तिमी नि ? बाहिर सहरका धेरै केटीहरूका आँखाका नानी हुन पुगेका छौ रे नि" (पृ. १५) भन्दै इन्द्रमायाले जवाफ फर्काउनुमा पनि इन्द्रमाया आफ्नो अस्तित्वका लागि सचेत र सङ्घर्षशील भएको प्रमाण दिन्छ । इन्द्रमायाले स्वतन्त्र यौनका पक्षमा वकालत गरेकी छ । उसले रमेशसँगको आफ्नो सम्बन्ध वेश्याचरण नभएको बताएकी छ । यसैले यहाँ इन्द्रमायाको चरित्र अन्य नेपाली महिलाकोभन्दा भिन्न देखिन्छ ।

> ऊ मेरो सतीत्व तिम्रो खाँचोको विषय होइन, पटक्कै होइन; त्यो त मेरो विषय पो हो, मेरो आस्थासँग सम्बन्ध राख्ने सती या असती जे हुन्छु त्यो म पो हुन्छु; त्यसकारण म सती भएँ वा असती भएँ भन्ने कुरा त मैले निर्णय दिने कुरा पो हो ! तिम्रो वास्ता त मेरो प्रेमसँग मात्र हुने होइन त पीताम्बर ? (पृ. ६८) भन्दै आफ्नो रमेशसँगको शारीरिक सम्बन्ध नैतिक भएको तर्क गरेकी छ ।

यौनका सन्दर्भमा संकुचित नेपाली समाजमा अर्काको बच्चा जन्माएर लोग्नेसँग बस्न खोज्ने इन्द्रमाया स्वतन्त्र यौनको वकालत गर्ने कोइरालाकी मुख पात्र हो । यहाँ जैविक चाहनाका लागि परपुरुषसँगको यौनलाई नैतिक भएको तर्क प्रस्तुत गर्नुले परम्परगत सामाजिक मान्यताप्रति असमति व्यक्त भएको देखिन्छ ।

## मनोनियतिवाद

मनोनियतिवादलाई फ्रायडले कार्यकारण सिद्धान्त भनेका छन् (रस्तोगी, सन् १९८९ पृ. १५३) । मान्छेले बिनाकारण कुनै पनि काम गर्दैन भन्ने मान्यता मनोनियतिवादको मान्यता हो । इन्द्रमायाले प्रेम प्राप्तिका लागि बाबु-आमा, घर परिवार छाडेर पीताम्बरका घरमा आएकी छ : "केही आर्द्र भएर इन्द्रमाया भन्दै गई, हामी नारीमा एकोहोरो प्रवृत्ति हुन्छ–एकोहोरो हठ । त्यसो हुनाले मलाई 'हँ या न' को निर्णय लिन धेरै समय चाहिएन । हठले बलपूर्वक हँ को बाटोमा ल्याइहाल्यो । फेरि प्रेमले पनि मेरो यात्र धेरै सजिलो पारिदियो" (कोइराला, २०६८, पृ.१२) । इन्द्रमायाले सन्तानको चाहना तथा यौनसुखानुभूतिका कारण रमेशसँग सहबास गरेको देखिन्छ । पीताम्बरले अन्य राजनैतिक गतिविधिमा व्यस्त हुने, थकान महसुस गर्ने तथा श्रीमतीको इच्छा चाहनाको ख्याल नगर्ने प्रवृत्ति देखाएको छ । उसमा कामभावना कम भएको इन्द्रमायाले महसुस गरेकी छ । त्यसैले उसको अचेतन मनले रमेशलाई माया गर्न थालिसकेको देखिन्छ । झन् पीताम्बरले उसको सन्तानको चाहना पूरा गर्न नसकी उसैमा खोट देखाएपछि ऊ रमेशलाई सहबासको साथी बनाउन पुगेकी छ । भूपति ढकालले यस उपन्यासलाई इन्द्रमायाले लिएका तीनवटा निर्णयहरूको केन्द्रीयतामा उपन्यास संरचित भएको हुँदा यो नारीमूलक उपन्यास हो भनी नारीमूलक उपन्यासका सूचीमा राखी विश्लेषण गरेका छन् (ढकाल, २०५८, पृ.१२९-१३५) । नारीसुलभ गुणअनुसार उसले लोग्ने र छोरी मध्ये एक रोज्नुपर्दा छोरीलाई रोजेर घर छोडेकी हुन सक्छ । ऊ आफूले चालेका हर पाइला उचित रहेको कुरा जीवनको उत्तरार्द्धमा पुग्दासमेत पुष्टि गर्दछे । भूपति ढकाल "इन्द्रमायाले पतित्व

र मातृत्वमा मातृत्व रोज्नु नारीको पूर्णतापरक गरिमामय स्वरूप मातृत्व हो भन्ने यहाँ पुष्टि गरिएको छ" (ढकाल, २०५८, पृ.१३६) उल्लेख गर्दछन् । ढकाल यस उपन्यासमा उपन्यासकारले साहसी र सशक्त नारी अस्तित्वको लडाइँ लड्न समर्थवान् पात्रका माध्यमबाट उपन्यासकारले आफ्ना यौनसम्बन्धी धारणा र अस्तित्ववादी मानवीय विचारहरू प्रकट गरेको उल्लेख गर्दछन् (ढकाल, २०५८, पृ. १३७) ।

## मानसिक अन्तर्द्वन्द्वको सिद्धान्त

फ्रायडले मूल प्रवृत्तिलाई अन्तर्द्वन्द्वको आधार मानेका छन् (भण्डारी, २०४५, पृ.१६) । "इन्द्रमायाको जीवन द्वन्द्वैद्वन्द्वले भरिएको छ । उभित्र प्रियातत्त्व, पत्नीतत्त्व र मातृतत्त्वको अनुपम द्वन्द्व उपन्यासमा देखाइएको छ । यस उपन्यासमा इन्द्रमाया इद र सुपर इगोको द्वन्द्वद्वारा निर्मित नारी हो" (ढकाल, २०५८, पृ.१४१-१४२) भन्ने भनाइ उपयुक्त देखिन्छ । उसका तीनवटा निर्णय यिनै द्वन्द्वमा आधारित देखिन्छन् । इन्द्रमायालाई आफ्नै जातको केटोसँग विवाह गरी दिने कुरो चलेपछि ऊ पीताम्बरबाहेक अरूसँग खुसी हुन नसक्ने उत्तर दिन्छे । यहीबाट उसमा मानसिक अन्तर्द्वन्द्व प्रारम्भ भएको देखिन्छ । उसका घरपरिवारले पीताम्बरसँग बिहे नगरी दिने चाल पाएपछि ऊ घर छोडेर हिड्छे । यो पुरानो जातभात हेर्ने समाजका विरुद्धको समाजसँगको उसको द्वन्द्व हो । पीताम्बरमा अन्य कामप्रतिको आशक्ति तथा यौनभावनामा कमजोरी रहेको अवस्था तथा उसबाट बच्चाको इच्छा पूरा हुन नसक्ने परिस्थितिमा ऊ रमेशसँग सहबासमा जान्छे । यो प्रेम र यौन बिचको द्वन्द्व हो । ऊ पति पीताम्बरलाई नै प्रेम गर्छे तर रमेशबाट यौनसन्तुष्टि लिन्छे । उसलाई रमेशसँगको यौन समागम अनैतिक र उच्छृङ्खल लाग्दैन । ऊ आत्मिक प्रेमलाई नै प्रेमको सच्चा रूप मान्दछे । ऊ प्रेमका विषयमा प्रेमबिनाको सहबासलाई बेश्यावृत्ति मान्दै प्रेमसम्बन्धी यसरी आफ्नो विचार प्रकट गर्न पुगेकी छ :

> कहिलेकाहीँ इन्द्रमायाको मनमा प्रेमको असली तत्त्व शारीरिक नै हो– भन्ने तर्क उब्जनासाथ उसलाई त्यस्ता बेश्याहरूको सम्झना हुन्थ्यो जो प्रत्येक ग्राहकलाई एकरत्ती नछुटचाएर, एकजात पक्षपात नगरी आफ्नो शरीरदान गर्छन् । त्यस्ता बेश्याहरूको र तिनीहरूका ग्राहकहरूबिचको सम्बन्धलाई प्रेम सम्बन्ध कदापि भन्न सकिन्न । उनीहरूले शरीर दिए पनि प्रेमचाहिँ न त दिन सकेका हुन्छन् न लिन नै सकेका हुन्छन् (पृ. ४३) ।

इन्द्रमायाको यस भनाइमा प्रेम आत्मिक र अनुभुतिजन्य हुन्छ भन्ने पुष्टि गरिएको छ । मन बिटुलिएको छ भने शरीर नबिटुलिएर कुनै अर्थ नहुने विचार प्रकट भएको छ । इन्द्रमायाले छोरी रोज्नु यहाँ पत्नीत्व र मातृत्वका बिचमा इन्द्रमायामा द्वन्द्व देखिन्छ र उसले मातृत्वको चयन गरेकी छ । एउटी नारीका लागि सन्तानको कति महत्त्व हुन्छ र ऊ आफ्नो सन्तानका लागि सबथोक गुमाउन तयार हुन्छे भन्ने नारी मनोविज्ञान यहाँ प्रकट भएको छ । माथिका यी सबै अवस्थामा उसका मनमा इद र पराहमका बिचमा अर्न्तसङ्घर्ष चलेको देखिन्छ । उसले जीवनमा कहिले पनि एकसाथ आमा-बुबा र श्रीमान् तथा श्रीमान् र सन्तानको माया पाउन सकेकी छैन् । यस उपन्यासकी इन्द्रमायाको जीवनी अन्तर्द्वन्द्वको भूमरीबाट अगाडि बढेको कुरा कृष्णचन्द्रसिंह प्रधानको निम्न भनाइबाट पुष्टि हुन्छ : "विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा स्वभाविक यौन-सुखेच्छा र सामाजिक मर्यादामाझको द्वन्द्वजीवन मुख्य विषय बनेर आएका छन् । यो प्रवृत्ति तीन घुम्तीकी इन्द्रमायाले परपुरुष रमेशसँग यौनसम्बन्ध जोडेर स्वभाविक देहधर्म विरुद्ध कुनै सत्याग्रह नगरी आनन्दित भएबाट देखिएको छ" (प्रधान, २०५२, पृ.३६३) ।

प्रस्तुत उपन्यासकी इन्द्रमायाले परम्परागत मूल्य, मान्यता, रूढिग्रस्त सोचाइका विरुद्धमा बाह्यद्वन्द्व गरेकी छ । परम्परागत नेपाली समाज पुरुष प्रधान थियो । महिलाको कुनै अस्तित्व थिएन । महिलालाई भोग्या वस्तुका रूपमा हेरिन्थ्यो । इन्द्रमायाले यो सबैलाई चुनौती दिँदै बाबु, आमा, सम्पत्ती र लोग्नेसमेत त्यागेर

एक्लै सङ्घर्ष गरेकी छ । यो पात्र ज्यादै साहसी, निर्भिक, बौद्धिक प्रकृतिकी छे । नारी एक्लै केही गर्न सक्दैनन् भन्ने तत्कालीन परिस्थितिप्रति यसले विद्रोह गरेकी छ । 'तीन घुम्ती' उपन्यासले नारी समस्या उठान गरेको स्वयम् लेखकको आत्मस्वीकृति रहेको ढकालले उल्लेख गरेका छन् (ढकाल, २०६८, पृ. १४३) । इन्द्रमाया यौन स्वतन्त्राको पक्षधर देखिन्छे । ऊ रमेशसँगको सहबासलाई नैतिक र मर्यादित हो भन्ने तर्क प्रस्तुत गर्छे । ऊ आफू बेश्या नभएको दलिल गर्छे । उसका विचारमा प्रेमसहित भएको सहबास बेश्यागमन होइन (कोइराला, २०६८, पृ. ४३) । उसले जीवनसङ्घर्ष गर्दै जाँदा एक सत्यको ज्ञान प्राप्त गरेकी छ :

> एउटा कुरा पाउँदा अर्कोलाई छोड्नुपर्दो रहेछ । जीवनको सापोनापो बराबर । पीताम्बरको प्रेमसुख पाउन खोज्दा समाजलाई त्याग्नुपरेको थियो उसले । रमेशबाट रमाइलो पाउन खोज्दाले आस्थाको सन्तोष त्याग्नुपरेको थियो; र माताको सन्तोष पाउन खोज्दा पतिको सुख त्याग्नुपऱ्यो । त्यस्तै जीवनलाई वरण गर्दा मृत्युलाई पनि स्वीकार गर्नुपर्छ (कोइराला, २०६८, पृ. ६९-७०) ।

प्रस्तुत उपन्यासका सहायक चरित्र पीताम्बर र रमेश हुन् । पीताम्बर इन्द्रमाया स्वयम्ले प्रेम गरी वरण गरेको पति हो भने रमेश इन्द्रमायाको यौन चाहना पूरा गराउने तथा उसकी छोरी रमाको बाबु हो । पीताम्बर राजनैतिक गतिविधिमा सक्रिय पात्र हो । ऊ शुष्क, कामशैथिल्य छ भने रमेश चञ्चले कामभावयुक्त छ । रमेश पीताम्बर जेल गएपछि मौकाको फाइदा उठाउँदै इन्द्रमायालाई सहयोग गर्दै सहबासका लागि उत्प्रेरित गर्ने पुरुष चरित्र हो । रमेशले पीताम्बर जेल गएपछि इन्द्रमायाको भोकको समस्या तथा यौनभोकको समस्याको समाधान गरेको छ । घरमा श्रीमती हुँदाहुँदै परस्त्रीसँग समागम गर्ने रमेश इन्द्रमाया गर्भवती भएपछि क्रमश टाढिँदै गएको छ । रमेशकी छोरी त्यागेमा इन्द्रमायालाई स्वीकार्न तयार पीताम्बर परम्परागत पुरुष चरित्र हो । हुनतः अर्काले भोग गरिसकेकी श्रीमती स्वीकार्न तयार हुनुले पीताम्बर केही प्रगतिशील चरित्रको देखिए पनि ऊ बच्चासहितकी इन्द्रमायालाई नस्वीकार्ने परम्परागत नेपाली पुरुष मनोभावनाको प्रतिनिधि पात्र हो ।

## निष्कर्ष

प्रस्तुत 'तीन घुम्ती' उपन्यास मनोविज्ञानका विभिन्न उपकरण प्रयोग गरी लेखिएको छ । सम्पूर्ण उपन्यास इन्द्रमायाको केन्द्रीयतामा संरचित भएको छ । उसले सोह्र वर्षमा पीताम्बरलाई वरण गर्न जन्मघर छोड्ने निर्णय गर्नु, पच्चिस वर्षमा शारीरिक सन्तुष्टि र सन्तान प्राप्तिको इच्छाका लागि रमेशलाई सहबासमा रोज्नु र सत्ताइस वर्षमा लोग्नेलाई छाडी छोरी रोजेर सदाका लागि पतिको घर त्याग्ने निर्णय गर्नु नै यस उपन्यासको कथ्य भएकाले यो यौनमनोवैज्ञानिक र अस्तित्ववादी उपन्यास बन्न पुगेको छ ।

प्रस्तुत उपन्यासले समकालीन राजनैतिक परिस्थिति, सामाजिक, सांस्कृतिक यथार्थको पनि प्रकटीकरण गरेको छ । यस उपन्यासमा फ्रायडको अवचेतनावाद र डार्बिनको जीवतत्त्ववादलाई प्रस्तुत गर्ने उद्देश्य रहेको देखिन्छ । वास्तवमा इन्द्रमाया अवचेतन मनद्वारा तथा जैविक आकाङ्क्षाले प्रेरित भएर पनि चेतन मनकै तहबाट आफूले गरेको रमेशसँगको सहबास सही भएको दलिल गर्छे ।

प्रस्तुत उपन्यासमा यौनमनोविज्ञानमा आधारित मानव अस्तित्वको प्रकटीकरण गरिएको छ । उपन्यासकी इन्द्रमाया प्रमुख र सशक्त चरित्र हो । उसले अचेतन मनलेभन्दा चेतन मनले निर्णय गर्दै अगाडि बढेकी छ । उसले गल्ती वा भूल गरेको महसुस गरेकी छैन् । अस्तित्ववादी विचारअनुसार इन्द्रमायाले आफ्ना भविष्यका लागि आफैँ स्वतन्त्र निर्णय गरेकी छ । उसका प्रेमिका, कामुक रूप र मातृ वात्सल्यमयी आदि विभिन्न रूप अवचेतनबाट चेतन अवस्थामा प्रकट भएको पुष्टि हुन्छ । यी तीनओटै रूप मूलतः यौनजनित सन्दर्भमा प्रस्तुत भएका हुँदा यो यौनमनोवैज्ञानिक उपन्यास बन्न पुगेको छ । इन्द्रमाया यौन स्वतन्त्रताको पक्षधर पात्र हो । श्रीमान् जेल गएको समयमा परपुरुष रमेशसँग सहबास गरेर छोरी पाएकी छ र यो छोरी

पीताम्बरले स्वीकानुपर्ने मान्यता राख्ने इन्द्रमायाको विचार केन्द्रीय कथ्यका रूपमा प्रकट हुनुले यही तथ्य पुष्टि हुन्छ ।

प्रस्तुत उपन्यासका पीताम्बर र रमेशको भूमिका नगन्य देखिन्छ । तत्कालीन राजनैतिक परिवेशमा धेरै शिक्षित युवाहरू व्यवस्था बदल्ने कार्यमा सक्रिय रहेका थिए । उनीहरू घरपरिवार, यौनसुखभन्दा राजनैतिक गतिविधिमा व्यस्त रहेको तथ्य पीताम्बरको अवस्थाबाट पुष्टि गरिएको छ । रमेशजस्ता कामुक र स्वार्थी युवा पनि त्यस समयमा रहेको पुष्टि गरिएको छ । साथीकी श्रीमती इन्द्रमायालाई भोग गर्नका निम्ति रमेशले साथी पीताम्बरलाई षडयन्त्र गरी जेल हालेको देखिन्छ । इन्द्रमाया गर्भवती भएपछि क्रमशः रमेश टाढिँदै गएको यो स्वार्थी पात्र हो ।

वास्तवमा नेपाली महिलाहरूले कुनै पनि निर्णय स्वतन्त्रपूर्वक गरेमा सहाराविहीन अवस्थामा बाँच्नुपर्ने कि त इन्द्रमायाले जस्तो विद्रोह गर्नुपर्ने परिस्थिति अद्यावधि पाइन्छ । नेपाली नारीले आर्थिक, सामाजिक, लैङ्गिक, यौनिक आदि हर अधिकार प्राप्त गर्न निर्भिक रूपमा सङ्घर्ष गर्नुपर्दछ भन्ने सन्देंश इन्द्रमायाबाट प्रकट हुनु नै प्रस्तुत उपन्यासको सार देखिन्छ । इन्द्रमायाका जीवनमा विविध उतार चढाव, दुःख, कष्ट देखिए पनि ऊ आफूले गरेका हरेक निर्णय उचित रहेको सम्झिदै सन्तुष्ट र खुसी देखिनुले यहाँ यौन-स्वतन्त्रताको पक्षमा उभिएकी छ । इन्द्रमायाले आत्मिक प्रेम पीताम्बरसँग र शारीरिक यौनसन्तुष्टि रमेशबाट लिएकी छ । इन्द्रमायाको रमेशसँगको शारीरिक सम्बन्ध अनैतिक नभएको दावा प्रस्तुत गर्नुले फ्रायडले भनेजस्तै स्वस्थ्य जीवनका लागि यौनसन्तुष्टि आवश्यक छ र यो सहज परिपूर्ति हुनुपर्छ भन्ने विचार प्रस्तुत उपन्यासमा प्रकट भएको छ ।

## सन्दर्भ सामग्री


कोइराला, विश्वेश्वरप्रसाद.(२०६८). *तीन घुम्ती.* (ए. सं).काठमाडौँ : साझा प्रकाशन ।

कोलम्यान, जेम्स तथा ब्रोएन, विलियम.(सन् १९७२). *एबनर्मल साइकोलोजी एण्ड मोर्डन लाइफ.* (चौ.सं.). लन्डन स्कट फोर्सेम्यान एण्ड कम्पनी ।

गौतम, कृष्ण. (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* काठमाडौँ : साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर. (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान.* काठमाडौँ : साझा प्रकाशन ।

ज्ञवाली, ज्ञाननिष्ठ. (२०६१). *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला.* काठमाडौँ : हजुरको प्रकाशन ।

ढकाल, भूपति. (२०५८). *विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण.* काठमाडौँ : वि.पी. प्रकाशन ।

पाण्डेय, मधुसुदन. (२०६१). *फायडको मनोविश्लेषण.* काठमाडौँ : पैरवी प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह. (२०५२). *नेपाली उपन्यास र उपन्यासकार.* (ते.सं.). काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र. (२०४०). *नेपाली उपन्यास परम्परा र पृष्ठभूमि.* दार्जीलिङ : दिपा प्रकाशन ।

ब्राउन, जे.एफ. (सन् १९४०). *द साइकोडानामिक अफ अबनर्मल बिह्याबियर.* न्युओर्क एन्ड लन्डन : म्याक ग्रहिल बुक कम्पनी. इन्क ।

रस्तोगी, जी.डी. (सन् १९८९). *असामान्य मनोविज्ञान.* नयाँ दिल्ली : वाइली इस्टर्न लिमिटेड ।

राई, इन्द्रबहादुर. (२०५०). *नेपाली उपन्यासका आधारहरू.* (दो.सं.). काठमाडौँ : साझा प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद. (२०३८). *मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।